# COVID-19 को खोपसम्बन्धी सञ्चारबारे प्रारम्भिक टुलकिट

डिसेम्बर 20, 2020 मा अपडेट गरिएको

## परिचय

तपाईंलाई ओहायो राज्य आइपुगेका सुरक्षित तथा प्रभावकारी COVID-19 का खोपहरूका बारेमा अझ राम्रोसँग सञ्चार गर्नमा मद्दत गर्नका छलफलका विषय, भाषासम्बन्धी सुझाव, सामाजिक सञ्जालको भाषा र विश्वसनीय स्रोतहरू समावेश गरी यो प्रारम्भिक टुलकिटलाई तयार पारिएको हो। तपाईंका तात्कालिक आवश्यकताहरूलाई मध्यनजर गर्दै अहिलेलाई यो प्रारम्भिक टुलकिट प्रदान गरिएको हो र भविष्यमा यस प्रारम्भिक किटमा अतिरिक्त स्रोतहरू समावेश गरी यसलाई विस्तार गरिनेछ।

***तयार पारिएको मिति: डिसेम्बर** 20, 2020*

## विषय सूची


छलफलका विषय ..... 2
भाषासम्बन्धी सुझाव ..... 4
ग्राफिक्स तथा आर्टवर्क ..... 5
विश्वसनीय स्रोत तथा लिङ्कहरू ..... 8
सामाजिक सञ्जाल ..... 9


Ohio Department of Health

## छलफलका विषय

- ओहायो राज्य पूरै राज्यमा COVID-19 को **सुरक्षित** तथा**प्रभावकारी** खोप वितरण गर्न तयार छ। हामीले दुईवटा स्पष्ट लक्ष्यहरू तय गरेका छौं: जीवनको रक्षा गर्ने र भाइरसको फैलावटलाई कम गर्ने।
- COVID-19 को खोप विकासमा फ्लु वा दादुरा जस्ता अन्य खोपहरूको तुलनामा कयौं धेरै चरणहरू समावेश थिए। FDA र स्वतन्त्र चिकित्सा विशेषज्ञहरूले यी खोपहरूको विस्तृत र गहन ढङ्गले मूल्याङ्कन गरिएको छ भन्ने कुरालाई सुनिश्चित गरेका छन्।
- प्रारम्भमा सीमित सङ्ख्यामा मात्र खोपहरू उपलब्ध हुनेछन्। राज्यमा खोप आइपुग्नासाथ खोप लगाउन रोज्ने मानिसहरूका लागि सकेसम्म छिटो व्यापक रूपमा खोप उपलब्ध गराउने कुरामा ओहायो राज्य प्रतिबद्ध रहेको छ। ओहायो राज्यले खोप आइपुग्ने बित्तिकै चरण 1A मा सबैभन्दा पहिले खोप प्राप्त गर्ने मानिसहरू किटान गरिसकेको छ र त्यस्ता मानिसहरूले खोप लगाउन रोजेको खण्डमा उनीहरूलाई सबैभन्दा पहिले खोप लगाइनेछ। ती मनिसहरू यस प्रकार छन्:
    - COVID-19 का बिरामीहरूको उपचार तथा स्याहारमा नियमित रूपमा संलग्न स्वास्थ्य सेवा प्रदायक तथा कर्मचारीहरू।
    - नर्सिङ होमहरूका निवासी र त्यहाँ कार्यरत कर्मचारीहरू।
    - असिस्टेड लिभिङ फसिलिटीहरूका निवासी र त्यहाँ कार्यरत कर्मचारीहरू।
    - मनोरोग अस्पतालहरूका बिरामी र त्यहाँ कार्यरत कर्मचारीहरू।
    - सामूहिक घर वा केन्द्रहरूमा रहेका बौद्धिक अपाङ्गता भएका मानिस तथा मानसिक रोगी र त्यहाँ कार्यरत कर्मचारीहरू
    - ओहायो भेटेरन्स होमहरूका निवासी र त्यहाँ कार्यरत कर्मचारीहरू।
    - EMS रेस्पोन्डरहरू।
- यो खोपले कोरोना भाइरसबाट सङ्क्रमित मानिसहरूको रोगको गम्भीरतालाई घटाउने देखाएको छ। अधिकांश ओहायोवासीहरूले खोप लगाएका खण्डमा गम्भीर रूपमा बिरामी भई अस्पताल भर्ना हुनुपर्ने दर र मृत्यु दर घटाउन मद्दत पुग्ने देखिन्छ।
- अधिकांश ओहायोवासीहरूले खोप नलगाइसक्दासम्म भाइरसको फौलावटलाई रोक्नमा मद्दत गर्ने उपलब्ध सबै टुलहरूको प्रयोग निकै नै महत्त्वपूर्ण रहने देखिन्छ। तपाईंले निरन्तर रूपमा मास्क लगाइराख्नुभयो र भौतिक दूरी कायम राख्नुभयो भने तपाईं भाइरसबाट सङ्क्रमित हुने सम्भावना कम हुनुका साथै भाइरस फैलने दर कम हुनेछ। खोप लगाउनुका साथसाथै रोकथामका उचित उपायहरू अपनाएको खण्डमा COVID-19 बाट सबैभन्दा बढी सुरक्षित रहन सकिनेछ।
- COVID-19 का खोपहरूले जीवन रक्षा गर्न सक्छन्। COVID-19 रोग प्राणघातक छ र यसले 8,000 भन्दा बढी ओहायोवासी र संयुक्त राज्य अमेरिकाभरि 316,000 मानिसको ज्यान लिइसकेको छ।*(डिसेम्बर 20, 2020 मा अपलोड गरिएको तथ्याङ्क अनुसार)*
- खोपका साइड इफेक्ट (दुष्प्रभाव) हरू एकदमै कम छन्। प्रायजसो देखिने साइड इफेक्टहरूमा थकान लाग्ने, टाउको दुख्ने, खोप लगाएको ठाउँमा दुख्ने वा रातो हुने र मांशपेशी वा जोर्नी दुख्ने आदि पर्दछन्। यी समान्य साइड इफेक्टहरूले तपाईंलाई हानि नपुर्‍याउने भएकाले तपाईंले खोप लगाउँदा राम्रो हुन्छ र खोपले तपाईंलाई यो प्राणघातक भाइरस सङ्क्रमण लाग्न वा फैलाउनबाट बचाउँछ।
- चरणबद्ध अवधारणा अनुसार COVID-19 को खोप वितरण कार्यक्रमका प्रारम्भिक चरणहरूमा खोपको आपूर्ति अत्यन्तै जोखिममा रहेका मानिसहरूका लागि मात्र उपलब्ध हुनेछ। आपूर्ति बढ्दै जाँदा खोप लगाउन रोज्ने सबै ओहायोवासीहरूका लागि COVID-19 को खोप उपलब्ध हुनेछ।
- आपत्कालीन अवस्थामा प्रयोग गर्ने अनुमति (Emergency Use Authorization, EUA) ले कुनै चिकित्सकीय उत्पादन (जस्तै खोप) का ज्ञात वा सम्भावित जोखिमहरूभन्दा फाइदाहरू बढी भएमा जनस्वास्थ्य सङ्कटका बेला त्यस्ता स्वीकृति प्राप्त नगरेका उत्पादन प्रयोग गर्ने अधिकार वा स्वीकृति प्राप्त गरेका चिकित्सकीय उत्पादनको अनौपचारिक प्रयोगलाई अनुमति दिन्छ। Pfizer-BioNTech र Moderna ले तयार गरेका COVID-19 का खोपहरूलाई गहन समीक्षापश्चात् आपत्कालीन अवस्थामा प्रयोग गर्ने अनुमति (EUA) दिइएको छ। विगतमा पनि Ebola, H1N1, Zika र अन्य रोगहरूसँग सम्बन्धित उत्पादन, उपकरण तथा औषधिहरूलाई पनि आपत्कालीन अवस्थामा प्रयोग गर्ने अनुमति (EUA) दिइएको थियो। महामारीको अन्त्य नहुँदासम्म EUA मान्य रहिरहन्छ र त्यसपछि FDA ले EUA रद्द गर्छ वा FDA ले पारम्परिक इजाजतपत्रका लागि ती उत्पादनलाई स्वीकृति प्रदान गर्छ। FDA ले EUA दिइसकेपछि प्रत्येक खोपको सुरक्षालाई नजिकबाट अनुगमन गर्छ। औषधि उत्पादकहरूलाई सकेसम्म छिटो FDA ले परम्परागत रूपमा इजाजतपत्र प्रदान गरेको खोपको अनुमति लिन प्रोत्साहित गरिन्छ।

Ohio Department of Health

| चरण 1 | |
|---|---|
| सार्वजनिक सन्देश | • COVID-19 का खोपहरू सुरक्षित तथा प्रभावकारी छन् र ती खोपहरू सबैभन्दा जोखिममा रहेका ओहायोवासीहरूलाई विचारपूर्वक वितरण गरिँदैछन् । हामी सबैभन्दा पहिले सबैभन्दा बढी जोखिममा रहेका हाम्रा बिरामीहरूलाई खोप दिएर हाम्रा ओहायोवासीहरूलाई सुरक्षित राख्ने छौं । |
| यो चरणमा अत्यावश्यक क्षेत्रका कर्मचारीहरूलाई समावेश गरिएको छ | • विगत कयौं महिनादेखि तपाईं ओहायो राज्यको हेरचाहमा महत्त्वपूर्ण भूमिका खेल्दै आइरहनुभएको छ। अब तपाईंको ख्याल राख्ने पालो हाम्रो हो । तपाईंले रोज्नुभयो भने तपाईं सबैभन्दा पहिले COVID-19 को सुरक्षित तथा प्रभावकारी खोप लगाउने व्यक्तिहरू मध्येमा पर्नुहुनेछ । खोप लगाएर आफूलाई, आफ्नो परिवारलाई र आफूले हेरचाह गर्ने मानिसहरूलाई सुरक्षित राख्नुहोस् । |
| यो चरणमा उच्च जोखिमका अवस्थाहरूमा रहेका मानिसहरूलाई समावेश गरिएको छ | • यस महामारीमा ओहायो राज्य सबैभन्दा बढी जोखिममा रहेका मानिसहरूमा केन्द्रित रहको छ । यो चरणमा खोपको आपूर्ति सीमित रहने भएकाले हामी खोप लगाउन रोज्ने सबैभन्दा बढी जोखिममा रहेका मानिसहरूलाई सबैभन्दा पहिले खोप उपलब्ध गराउने छौं । |
| खोपको दोस्रो डोजसम्बन्धी रिमाइन्डर | • COVID-19 बाट अधिकतम सुरक्षा प्राप्त गर्न Pfizer-BioNTech र Moderna* का खोपहरू लगाउने मानिसहरूले खोपको दोस्रो डोज लगाउनुपर्ने हुन्छ । आफूलाई, आफ्नो परिवारलाई र तपाईंले हेरचाह गर्ने मानिसहरूलाई सुरक्षित राख्न COVID-19 खोपको दोस्रो डोज लगाउने व्यवस्था मिलाउनुहोस् । Pfizer खोपका हकमा, पहिलो पटक खोप लगाएको 21 दिनपछि खोपको दोस्रो डोज लगाउनुपर्ने हुन्छ । Moderna* खोपका हकमा भने पहिलो खोप लगाएको 28 दिनपछि खोपको दोस्रो डोज लगाउनुपर्ने हुन्छ ।<br>**FDA ले आपत्कालीन अवस्थामा प्रयोग गर्न अनुमति दिन बाँकी छ ।* |
| यो चरणमा खोपका लगाउन नपाउने मानिसहरू | • खोप कार्यक्रमको यो प्रारम्भिक चरणमा खोपको आपूर्ति सीमित मात्रामा हुनेछ । आपूर्ति बढ्दै जाँदा खोप लगाउन रोज्ने सबै ओहायोवासीहरूलाई COVID-19 का सुरक्षित तथा प्रभावकारी खोपहरू उपलब्ध गराइनेछन् । |
| अर्को चरणमा खोप पाउने मानिसहरू, यदि पहिचान गरिएमा | • COVID-19 का खोपहरू सुरक्षित तथा प्रभावकारी छन् । [insert vulnerable community] को सदस्यका रूपमा तपाईंले खोप लगाउन रोज्नुभएको खण्डमा तपाईंले अर्को चरणमा खोप प्राप्त गर्नुहुनेछ । |
| खोप सेवा प्रदायकहरू | • COVID-19 सम्बन्धी जानकारीको कुरा आउँदा सबैभन्दा विश्वसनीय स्रोतहरू भनेका व्यक्तिका निजी चिकित्सक, चिकित्सा विशेषज्ञ र आकस्मिक कक्षका चिकित्सक र त्यसपछि जनस्वास्थ्यका अधिकारीहरू हुन् । खोप सेवा प्रदायकका रूपमा तपाईं पनि आफ्ना बिरामी र आफ्नो क्षेत्रका मानिसहरूका लागि जानकारीको एउटा विश्वसनीय स्रोत बन्न सक्नुहुन्छ । ओहायो राज्य जीवनको रक्षा गर्न र भाइरसको फैलावटलाई कम गर्न पूरै राज्यमा COVID-19 का **सुरक्षित** तथा **प्रभावकारी** खोपहरू वितरण गर्न तयार छ । |
| खोपप्रति आशङ्का गर्ने मानिसहरूका लागि जानकारी | • COVID-19 का खोपहरू सुरक्षित तथा प्रभावकारी छन् ।<br>• खोपसम्बन्धी जानकारीका कुन-कुन स्रोतहरूमा विश्वास गर्न सकिन्छ भन्ने कुरा थाहा पाउन गाह्रो छ । दुर्भाग्यवश, इन्टरनेटमा COVID-19 का खोपहरूसम्बन्धी खतरनाक गलत जानकारी राखिन सक्छन् । सबैभन्दा उत्तम विकल्प भनेको तपाईंले विश्वसनीय जानकारीमार्फत खोपका बारेमा आफैंलाई जानकार राख्नु हो । खोपसम्बन्धी विश्वसनीय तथा तथ्यमा आधारित जानकारी प्राप्त गर्ने तरिका बारेमा थप जान्नुहोस् वा COVID-19 सम्बन्धी मिथ्याहरूलाई खारेज गरिएको जानकारीको सूची हेर्नुहोस् ।<br>• खोप विकास गर्ने प्रक्रियामा कुनै पनि छोटो बाटो अपनाइएको छैन । COVID-19 का खोपहरूको विकास प्रक्रियामा लाखौं ओहायोवासीहरूलाई दशकौंदेखि सफलतापूर्वक सुरक्षित राख्दै आएका फ्लु वा दादुरा जस्ता अन्य रोगहरूका लागि विकास गरिने खोपहरूका तुलनामा धेरै चरणहरू समावेश गरिएका छन् ।<br>• COVID-19 का खोपहरू हालसालै विकसित गरिएतापनि Pfizer-BioNTech र Moderna ले यी खोपहरू तयार पार्न प्रयोग गरेको mRNA खोपहरूमा प्रयोग हुने प्रविधिबारे भने दशकौंदेखि अध्ययन हुँदै आएको छ ।<br>• षडयन्त्रका सिद्धान्तहरू (कन्स्पिरेसी थ्योरी) मा विश्वास नगर्नुहोस् । COVID-19 का खोपहरू अथक अनुसन्धान, नवीन विज्ञान र गहन विश्लेषणपछि मात्र तयार गरिएका हुन्छन् । यो खोप तयार गर्न प्रयोग गरिएको विज्ञान राम्रो छ र नियामक निकायहरूले यी खोपहरूको विस्तृत तथा गहन ढङ्गले मूल्याङ्कन गरेका छन् । |

## भाषासमम्बन्धी सुझावहरू

de Beaumont Foundation ले हालसालै गरेको एउटा अनुसन्धानमा महामारीका बेला केही शब्दावली अझ बढी प्रेरक हुन्छन् भन्ने कुरा पत्ता लगाएको छ ।

| **बढी प्रेरक** | **कम प्रेरक** |
|---|---|
| महामारी | कोरोना भाइरस, COVID-19 |
| फेस मास्क | अनुहार छोप्ने कपडा (फेसियल कभरिङ) |
| अत्यावश्यक क्षेत्रका कर्मचारी | अग्रपङ्क्तिमा काम गर्ने कर्मचारी |
| प्रोटोकल | जनादेश, निर्देशिका, नियन्त्रण, आदेश |
| घरमै बस्न दिइएको आदेश | लकडाउन, आक्रामक बन्देजहरू |
| व्यक्तिगत जिम्मेवारी | राष्ट्रिय कर्तव्य |
| जनस्वास्थ्य निकाय | सरकारी स्वास्थ्य संस्था |
| तथ्यमा आधारित | विज्ञान, डेटा वा चिकित्सामा आधारित |
| सामाजिक दूरी | भौतिक दूरी |
| प्रभावकारी तथा सुरक्षित खोप | छोटो समयमा विकास गरिएको खोप |
| भाइरसबाट मुक्त हुने | भाइरससँग लड्ने, भाइरसलाई दबाउने, भाइरसलाई हराउने |

Ohio Department of Health

## ग्राफिक्स तथा आर्टवर्क

**चरण** 1A



**समग्र चरणबद्ध अवधारणा**



**प्रायः सोधिने प्रश्नहरू**




**प्रायः सोधिने प्रश्नहरू**




**प्रायः सोधिने प्रश्नहरू**




**मिथ्या बनाम तथ्य**




**मिथ्या बनाम तथ्य**




**मिथ्या बनाम तथ्य**




Ohio Department of Health

# विश्वसनीय स्रोत तथा लिङ्कहरू

- ओहायो स्वास्थ्य विभागको COVID-19 खोपसम्बन्धी वेबसाइट - https://coronavirus.ohio.gov/vaccine
    - COVID-19 को खोपसम्बन्धी मिथ्या बनाम तथ्य
    - COVID-19 का खोपहरूका बारेमा प्रायः सोधिने प्रश्नहरू (FAQ)
    - स्वास्थ्य सेवा प्रदायकहरूका बारेमा प्रायः सोधिने प्रश्नहरू (FAQ)
    - COVID-19 का खोप प्रदायकसम्बन्धी जानकारी
    - ओहायो राज्यको खोप कार्यक्रमको चरणबद्ध अवधारणाको ग्राफिक PDF | JPEG
    - चरण 1A को खोप वितरणसम्बन्धी ग्राफिक PDF | JPEG
    - चरण 1A को खोप वितरणसम्बन्धी तथ्य पाना (फ्याक्ट सिट)
- रोग नियन्त्रण तथा रोकथाम केन्द्रका स्रोतहरू
    - CDC ले तयार पारेको सञ्चारसम्बन्धी टुलकिट
    - COVID-19 को खोप लगाउनुका फाइदाहरू
    - सबैभन्दा पहिले क-कसले खोप लगाउन पाउँछन् ?
    - आफ्नो खोपसम्बन्धी अपोइन्टमेन्टमा के अपेक्षा राख्ने
    - खोपहरू सुरक्षित छन् भन्ने कुराको सुनिश्चितता
    - विभिन्न किसिमका खोपहरू

Ohio Department of Health

# सामाजिक सञ्जाल

## सामाजिक सञ्चालका लागि सुझाइएका सामग्रीहरू

| **शीर्षक** | Facebook **म्यासेज** | Twitter/Instagram **म्यासेज** |
|---|---|---|
| चरण 1A/<br>चरणबद्ध अवधारणा | ओहायोका लक्ष्यहरू स्पष्ट छन्: जीवनको रक्षा गर्ने र भाइरसको फैलावटलाई कम गर्ने। खोप कार्यक्रमको यस प्रारम्भिक चरणमा सबैभन्दा बढी जोखिममा रहेका मानिस, अत्यावश्यक क्षेत्रका स्वास्थ्यकर्मी र #COVID19 का बिरामीहरूको हेरचाहमा संलग्न कर्मचारीहरूलाई केन्द्रमा राखिनेछ। यहाँ थप जान्नुहोस् → https://coronavirus.ohio.gov/vaccine #InThisTogetherOhio<br><br>[चरण 1A ग्राफिक] | ओहायोका लक्ष्यहरू भनेका जीवनको रक्षा गर्ने र भाइरसको #फैलावटलाई कम गर्ने हुन्। #खोप कार्यक्रमको यस प्रारम्भिक चरणमा सबैभन्दा बढी जोखिममा रहेका मानिस, अत्यावश्यक क्षेत्रका स्वास्थ्यकर्मी र #COVID19 का बिरामीहरूको हेरचाहमा संलग्न कर्मचारीहरूलाई केन्द्रमा राखिनेछ। यहाँ थप जान्नुहोस् → https://coronavirus.ohio.gov/vaccine #InThisTogetherOhio<br>[चरण 1A ग्राफिक] |
| चरणबद्ध अवधारणा | खोप कार्यक्रमको यस प्रारम्भिक चरणमा खोपको आपूर्ति सीमित हुनेछ। खोपको आपूर्ति बढ्दै जाँदा खोप लगाउन रोज्ने सबै ओहायोवासीहरूलाई #COVID19 का खोपहरू उपलब्ध गराइनेछ। ओहायो राज्यको चरणबद्ध अवधारणका बारेमा यहाँ थप जानकारी प्राप्त गर्नुहोस् ↓<br><br>यहाँ थप जान्नुहोस् → https://coronavirus.ohio.gov/vaccine<br>[चरणबद्ध अवधारणाको ग्राफिक] | खोप कार्यक्रमको यस प्रारम्भिक चरणमा खोपको आपूर्ति सीमित हुनेछ। खोपको आपूर्ति बढ्दै जाँदा खोप लगाउन रोज्ने सबै ओहायोवासीहरूलाई #COVID19 का खोपहरू उपलब्ध गराइनेछ। ओहायो राज्यको चरणबद्ध अवधारणका बारेमा यहाँ थप जानकारी प्राप्त गर्नुहोस् ↓<br><br>यहाँ थप जान्नुहोस् → https://coronavirus.ohio.gov/vaccine<br>[चरणबद्ध अवधारणाको ग्राफिक] |
| चरणबद्ध अवधारणा | #COVID19 का खोपहरू वितरण कार्यक्रमको पहिलो चरणमा सबैभन्दा पहिले सबैभन्दा बढी जोखिममा रहेका मानिसहरू र COVID-19 का बिरामीहरूको उपचारमा संलग्न स्वास्थ्यकर्मीहरूलाई खोप उपलब्ध गराइनेछ। यो चरणमा सबै ओहायोवासीहरूका लागि खोप उपलब्ध हुने छैन तर आपूर्ति बढ्दै जाँदा खोप लगाउन रोज्ने सबै ओहायोवासीहरूलाई खोप उपलब्ध गराइनेछ। यहाँ थप जान्नुहोस् → https://coronavirus.ohio.gov/vaccine | #COVID19 का खोपहरू वितरण कार्यक्रमको पहिलो चरणमा सबैभन्दा पहिले सबैभन्दा बढी जोखिममा रहेका मानिसहरू र COVID-19 का बिरामीहरूको उपचारमा संलग्न स्वास्थ्यकर्मीहरूलाई खोप उपलब्ध गराइनेछ। यो चरणमा सबै ओहायोवासीहरूका लागि खोप उपलब्ध हुने छैन। यहाँ थप जान्नुहोस् → https://coronavirus.ohio.gov/vaccine |
| प्रायः सोधिने प्रश्नहरू | #COVID19 को खोप वितरण कार्यक्रमका प्रारम्भिक चरणहरूमा गम्भीर अवस्थाहरूमा रहेका निश्चित मानिसहरूका लागि मात्र सीमित मात्रामा खोप उपलब्ध हुनेछ। यो चरणमा सबै ओहायोवासीहरूका लागि खोप उपलब्ध हुने छैन। ओहायो राज्यको चरणबद्ध अवधारणाका बारेमा यहाँ थप जान्नुहोस् ↓<br><br>यहाँ थप जान्नुहोस् → https://coronavirus.ohio.gov/vaccine | #COVID19 को खोप वितरण कार्यक्रमका प्रारम्भिक चरणहरूमा गम्भीर अवस्थाहरूमा रहेका निश्चित मानिसहरूका लागि मात्र सीमित मात्रामा खोप उपलब्ध हुनेछ। यो चरणमा सबै ओहायोवासीहरूका लागि खोप उपलब्ध हुने छैन। ओहायो राज्यको चरणबद्ध अवधारणाका बारेमा यहाँ थप जान्नुहोस् ↓<br><br>यहाँ थप जान्नुहोस् → https://coronavirus.ohio.gov/vaccine |

| **शीर्षक** | Facebook **म्यासेज** | Twitter/Instagram **म्यासेज** |
|---|---|---|
| प्रायः सोधिने प्रश्नहरू | #COVID19 खोपका सम्बन्धमा तपाईंसँग "के ओहायो राज्यले COVID-19 को खोपलाई अनिवार्य गर्नेछ ?" जस्ता प्रश्नहरू छन् भन्ने कुरा हामीलाई थाहा छ। यसको उत्तर हो "ओहायो राज्यले खोपलाई अनिवार्य गर्ने छैन"। यो र यस्तै प्रश्नहरूको जवाफ पाउन #COVID19 को खोपका बारेमा प्रायः सोधिने प्रश्नहरूलाई यहाँ हेर्नुहोस् ➡ https://bit.ly/OhioVaccineFAQ | #COVID19 खोपका सम्बन्धमा तपाईंसँग "के ओहायो राज्यले COVID-19 को खोपलाई अनिवार्य गर्नेछ ?" जस्ता प्रश्नहरू छन् भन्ने कुरा हामीलाई थाहा छ। यसको उत्तर हो "ओहायो राज्यले खोपलाई अनिवार्य गर्ने छैन"। यो र यस्तै प्रश्नहरूको जवाफ पाउन #COVID19 को खोपका बारेमा प्रायः सोधिने प्रश्नहरूलाई यहाँ हेर्नुहोस् ➡ https://bit.ly/OhioVaccineFAQ |
| प्रायः सोधिने प्रश्नहरू | #COVID19 को खोपका सम्बन्धमा तपाईंसँग "ओहायो राज्यमा सबैभन्दा पहिले क-कसले खोप लगाउन पाउनेछन् ?" जस्ता प्रश्नहरू छन् भन्ने कुरा हामीलाई थाहा छ। यो र यस्तै प्रश्नहरूको जवाफ पाउन #COVID19 को खोपका बारेमा प्रायः सोधिने प्रश्नहरूलाई यहाँ हेर्नुहोस् ➡ https://bit.ly/OhioVaccineFAQ | #COVID19 को खोपका सम्बन्धमा तपाईंसँग "ओहायो राज्यमा सबैभन्दा पहिले क-कसले खोप लगाउन पाउनेछन् ?" जस्ता प्रश्नहरू छन् भन्ने कुरा हामीलाई थाहा छ। यो र यस्तै प्रश्नहरूको जवाफ पाउन #COVID19 को खोपका बारेमा प्रायः सोधिने प्रश्नहरूलाई यहाँ हेर्नुहोस् ➡ https://bit.ly/OhioVaccineFAQ |
| प्रायः सोधिने प्रश्नहरू | ❓के ओहायो राज्यमा सबैका लागि पुग्ने खोप उपलब्ध हुनेछ ?<br>❓सबैभन्दा पहिले क-कसले खोप लगाउन पाउनेछन् ?<br>❓मैले खोप कहिले लगाउन पाउनेछु भन्ने कुरा मलाई कसरी थाहा हुनेछ ?<br><br>ओहायो राज्यको COVID-19 को खोप वितरण योजनाका बारेमा यी र यस्तै प्रश्नहरूको जवाफ यहाँ पाउनुहोस्: https://bit.ly/OhioVaccineFAQ #InThisTogetherOhio | ❓के ओहायो राज्यमा सबैका लागि पुग्ने खोप उपलब्ध हुनेछ ?<br>❓सबैभन्दा पहिले क-कसले खोप लगाउन पाउनेछन् ?<br>❓मैले खोप कहिले लगाउन पाउनेछु भन्ने कुरा मलाई कसरी थाहा हुनेछ ?<br><br>ओहायो राज्यको #COVID19 को खोप वितरण योजनाका बारेमा यी र यस्तै प्रश्नहरूको जवाफ यहाँ पाउनुहोस्: https://bit.ly/OhioVaccineFAQ #InThisTogetherOhio |
| सबै टुलहरू प्रयोग गर्नुहोस् | अहिले खोपको आपूर्ति सीमित मात्रामा हुनेछ। अधिकांश ओहायोवासीहरूले खोप नलगाउँदासम्म तपाईंले मास्क लगाउने र सामाजिक दूरी कायम राख्ने जस्ता राज्य रोकथामका उचित उपायहरू अपनाउनुभएको खण्डमा महामारीका बेला तपाईं सङ्क्रमितको सम्पर्कमा आउने वा तपाईंले भाइरसलाई फैलाउने सम्भावनालाई कम गर्न सकिनेछ। यस कार्यलाई निरन्तरता दिनुहोस्। https://coronavirus.ohio.gov/vaccine | अधिकांश ओहायोवासीहरूले खोप नलगाउँदासम्म तपाईंले मास्क लगाउने र सामाजिक दूरी कायम राख्ने जस्ता राज्य रोकथामका उचित उपायहरू अपनाउनुभएको खण्डमा महामारीका बेला तपाईं सङ्क्रमितको सम्पर्कमा आउने वा तपाईंले भाइरसलाई फैलाउने सम्भावनालाई कम गर्न सकिनेछ। https://coronavirus.ohio.gov/vaccine |
| सबै टुलहरू प्रयोग गर्नुहोस् | #COVID19 को महामारी रोक्न हामीलाई उपलब्ध सबै टुलहरूको आवश्यकता पर्छ। COVID-19 # को खोप लगाउने, मास्क लगाउने, अरूबाट कम्तीमा पनि 6 फिट टाढा रहने र नियमित रूपमा हात धुने लगायतका सबै उपायहरू अपनाएको खण्डमा हामी यस महामारीबाट पार पाउन सक्ने छौं। #InThisTogetherOhio | #COVID19 को महामारी रोक्न हामीलाई उपलब्ध सबै टुलहरूको आवश्यकता पर्छ। COVID-19 # को खोप लगाउने, मास्क लगाउने, अरूबाट कम्तीमा पनि 6 फिट टाढा रहने र नियमित रूपमा हात धुने लगायतका सबै उपायहरू अपनाएको खण्डमा हामी यस महामारीबाट पार पाउन सक्ने छौं। #InThisTogetherOhio |
| मिथ्या बनाम तथ्य | तथ्य: #COVID19 का खोपहरू नयाँ भएतापनि यो खोप तयार पार्न प्रयोग गरिएको mRNA प्रविधिबारे दशकौंदेखि अध्ययन अनुसन्धान हुँदै आएको छ। यो प्रविधिबाट बनेका खोपहरूले हामीलाई सुरक्षित तथा प्रभावकारी रूपमा #COVID19 बाट बचाउने एन्टिबडीहरू निर्माण गर्नमा मद्दत गर्छन्। https://bit.ly/OHVaccineMyths मा गएर थप जान्नुहोस्। | तथ्य: #COVID19 का खोपहरू नयाँ भएतापनि यो खोप तयार पार्न प्रयोग गरिएको mRNA प्रविधिबारे दशकौंदेखि अध्ययन अनुसन्धान हुँदै आएको छ। यो प्रविधिबाट बनेका खोपहरूले हामीलाई सुरक्षित तथा प्रभावकारी रूपमा #COVID19 बाट बचाउने एन्टिबडीहरू निर्माण गर्नमा मद्दत गर्छन्। https://bit.ly/OHVaccineMyths मा गएर थप जान्नुहोस्। |

Ohio Department of Health

| शीर्षक | Facebook म्यासेज | Twitter/Instagram म्यासेज |
|---|---|---|
| मिथ्या बनाम तथ्य | तथ्य: #COVID19 का खोपहरू हतार-हतारमा बनाइएका होइनन् र स्वतन्त्र चिकित्सा विशेषज्ञहरूको संलग्नतामा यी खोपहरूको गहन ढङ्गले सुरक्षा मूल्याङ्कन गरिएको छ। https://bit.ly/OHVaccineMyths मा गएर अरू मिथ्या बनाम तथ्यहरू हेर्नुहोस्। | तथ्य: #COVID19 का खोपहरू हतार-हतारमा बनाइएका होइनन् र स्वतन्त्र चिकित्सा विशेषज्ञहरूको संलग्नतामा यी खोपहरूको गहन ढङ्गले सुरक्षा मूल्याङ्कन गरिएको छ। https://bit.ly/OHVaccineMyths मा गएर अरू मिथ्या बनाम तथ्यहरू हेर्नुहोस्। |
| मिथ्या बनाम तथ्य | तथ्य: तपाईंले #COVID-19 को खोप लगाउनुभयो भने तपाईंलाई COVID19 रोग लाग्दैन। तपाईंले खोप लगाइसकेपछि ज्वरो आउने वा मांशपेशी दुख्ने आदि तपाईंको प्रतिरक्षा प्रणालीले भाइरससँग लड्न सिकिरहेको छ भन्ने कुराका समान्य सङ्केतहरू हुन्। https://bit.ly/OHVaccineMyths मा गएर अरू मिथ्या बनाम तथ्यहरू हेर्नुहोस्। | तथ्य: तपाईंले #COVID-19 को खोप लगाउनुभयो भने तपाईंलाई #COVID19 रोग लाग्दैन। तपाईंले #खोप लगाइसकेपछि ज्वरो आउने वा मांशपेशी दुख्ने आदि तपाईंको प्रतिरक्षा प्रणालीले भाइरससँग लड्न सिकिरहेको छ भन्ने कुराका समान्य सङ्केतहरू हुन्। https://bit.ly/OHVaccineMyths मा गएर अरू मिथ्या बनाम तथ्यहरू हेर्नुहोस्। |
| मिथ्या बनाम तथ्य | तथ्य: mRNA प्रविधि प्रयोग गरी तयार पारिएका #COVID19 का खोपहरूले तपाईंको DNA लाई परिवर्तन गर्दैनन् वा तपाईंको आनुवंशिक संरचनामा परिवर्तन ल्याउँदैनन्। https://bit.ly/OHVaccineMyths मा गएर मिथ्याहरूलाई खारेज गर्ने थप जानकारी पढ्नुहोस्। | तथ्य: mRNA प्रविधि प्रयोग गरी तयार पारिएका #COVID19 का खोपहरूले तपाईंको DNA लाई परिवर्तन गर्दैनन् वा तपाईंको आनुवंशिक संरचनामा परिवर्तन ल्याउँदैनन्। https://bit.ly/OHVaccineMyths मा गएर मिथ्याहरूलाई खारेज गर्ने थप जानकारी पढ्नुहोस्। |
| मिथ्या बनाम तथ्य | तथ्य: #COVID19 को खोप दिने सुईमा माइक्रोचिप्स वा ट्र्याक गर्ने डिभाइसहरू हुँदैनन्। @Ohio Department of Health वा @CDC बाट भरपर्दो तथा विश्वसनीय जानकारी प्राप्त गर्नुहोस् र https://bit.ly/OHVaccineMyths मा गएर अरू मिथ्या बनाम तथ्यहरू बारेमा पढ्नुहोस्। | तथ्य: #COVID19 को खोप दिने सुईमा माइक्रोचिप्स वा ट्र्याक गर्ने डिभाइसहरू हुँदैनन्। @OHDeptofHealth वा @CDCgov बाट भरपर्दो तथा विश्वसनीय जानकारी प्राप्त गर्नुहोस् र https://bit.ly/OHVaccineMyths मा गएर अरू मिथ्या बनाम तथ्यहरू बारेमा पढ्नुहोस्। |
| मिथ्या बनाम तथ्य | तथ्य: संयुक्त राज्य अमेरिकामा दिइएका #COVID19 का खोपहरूमा सुरक्षासँग सम्बन्धित कुनै पनि गम्भीर समस्याहरू देखिएका छैनन्। https://bit.ly/OHVaccineMyths मा गएर थप जान्नुहोस्। | तथ्य: संयुक्त राज्य अमेरिकामा दिइएका #COVID19 का खोपहरूमा सुरक्षासँग सम्बन्धित कुनै पनि गम्भीर समस्याहरू देखिएका छैनन्। https://bit.ly/OHVaccineMyths मा गएर थप जान्नुहोस्। |
| मिथ्या बनाम तथ्य | तथ्य: COVID-19 बाट जोगाउनकै लागि भनेर तयार गरिएका खोपहरूले मात्र तपाईंलाई COVID-19 बाट जोगाउनेछन्। फ्लु जस्ता अन्य खोपहरू लगाउनु जरुरी छ तर त्यस्ता खोपहरूले तपाईंलाई COVID-19 बाट जोगाउँदैनन्। https://bit.ly/OHVaccineMyths मा गएर थप जान्नुहोस्। | तथ्य: #COVID-19 बाट जोगाउनकै लागि भनेर तयार गरिएका खोपहरूले मात्र तपाईंलाई #COVID-19 बाट जोगाउनेछन्। फ्लु जस्ता अन्य खोपहरू लगाउनु जरुरी छ तर त्यस्ता खोपहरूले तपाईंलाई COVID-19 बाट जोगाउँदैनन्। https://bit.ly/OHVaccineMyths मा गएर थप जान्नुहोस्। |
| मिथ्या बनाम तथ्य | तथ्य: COVID-19 को खोपको विकास तथा क्लिनिकल परीक्षण विस्तृत रूपमा गरिएको छ र यी प्रक्रियाहरूलाई सरल रूपमा अगाडि बढाउन गरिएको रणनीतिक वैज्ञानिक प्रयासका कारण यी खोपहरू अझ प्रभावकारी रूपमा तयार पार्न सकिएको हो। https://bit.ly/OHVaccineMyths मा गएर थप जान्नुहोस्। | तथ्य: COVID-19 को खोपको विकास तथा क्लिनिकल परीक्षण विस्तृत रूपमा गरिएको छ र यी प्रक्रियाहरूलाई सरल रूपमा अगाडि बढाउन गरिएको रणनीतिक वैज्ञानिक प्रयासका कारण यी खोपहरू अझ प्रभावकारी रूपमा तयार पार्न सकिएको हो। https://bit.ly/OHVaccineMyths मा गएर थप जान्नुहोस्। |

Ohio Department of Health